# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## गणतन्त्र दिवस शुभकामना

गणतन्त्र दिवस–२०८२ को यस ऐतिहासिक तथा गौरवपूर्ण अवसरमा बागमती प्रदेश, स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा  हार्दिक शुभकामना व्यक्त गर्दछु । आजको स्वर्णिम दिन ल्याउन आफ्नो प्राणको आहुती दिने ज्ञात अज्ञात शहीदहरूप्रती हार्दिक श्रद्धाञ्जली अर्पण  गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राजनैतिक इतिहासको एक महत्वपूर्ण उपलब्धि हो, जुन नेपाली जनताको लामो संघर्ष, बलिदान र अथक प्रयासको देन हो । ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को सफलतासँगै मुलुकमा स्थापित गणतन्त्रले नेपाली जनतालाई सार्वभौमसम्पन्न  बनाउदै सबैलाई  राष्ट्रनिर्माणको मूल प्रवाहमा समाहित  गरेको छ ।

देशमा सबैखाले निरंकुशताविरुद्ध सम्पूर्ण राजनैतिक दल र आम नागरिक समाज एकजुट भएर इतिहास बदलेजस्तै आज पनि गणतन्त्र, राष्ट्रियता र जनजिविकाको सवालमा पार्टीगत स्वार्थ र सिद्धान्त त्यागेर एक ढिक्का भई सकारात्मक सन्देश प्रबाह गर्न जरुरी छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासबाट देशमा सुशासन र समृद्धि भित्र्याउन सकिने हुँदा यसलाई संस्थागत गरि समृद्ध देश निर्माणका दिशामा सबै लाग्नु पर्दछ । अभ्यासमा कहिँ कतै कमजोरी भए होलान् तर विकल्प व्यवस्था परिवर्तन नभई अवस्था परिवर्तन हुनुपर्दछ । हाम्रो एक पुस्ता व्यवस्था परिवर्तनमा उर्जाशील समय खर्चिन  बाध्य भयो तर आजको युवपुस्तालाई आन्दोलन होइन विकास र समृद्धिको पथमा प्रोत्साहित गर्नुपर्दछ ।

आजको दिन, हामीले गणतन्त्रको मूल मर्म-जनताको सर्वोच्चता, समावेशिता, समानता, विधिको शासन, सामाजिक न्याय र उत्तरदायिपूर्ण शासन प्रणालीको स्मरण गर्नु आवश्यक छ। समग्र राष्ट्रको प्रगति र समृद्धिका लागि हामी सबैले आ–आफ्नो स्थानबाट सक्रिय भूमिका निर्वाह गर्नुपर्दछ । नयाँ पुस्तामा निराशाको बादल छाउनु अप्रिय कुरा भएको हुँदा कतै केही कमी कमजोरी भए सच्याएर द्रुत विकासको लय पक्रनुपर्छ ।

परिणाममुखी कार्यहरूमा जोड दिएर युवापुस्ता र आम नागरिकको विश्वास जित्नुपर्दछ । हामी यो र त्यो भनेर घटना परिघटनामा विल्कुल अलमलिनु हुँदैन । इतिहासका विभिन्न कालखण्डका जनआन्दोलनका सहिदहरूको सहादत, घाइतेहरूको आहत अनि आश्रितहरू र आफन्तको पीडालाई उपेक्षा गर्नु अक्षम्य भूल हुनेछ ।

आजको यो बिशेष दिन सबैखाले अस्थिरता र पश्चगमनका विरुद्ध एकजुट हुने दिशामा कोशेढुंगा साबित हुने विश्वास लिएको छु।  यस अवसरमा सबै देशवासीमा आपसी सद्भाव, सहिष्णुता, सहकार्य र सहअस्तित्वको भावनासहित अगाडि बढ्न आह्वान  गर्दछु । हाम्रो साझा प्रयत्नबाट हामीले सभ्य, समावेशी, न्यायपूर्ण र समृद्ध समाज निर्माण गर्न सक्ने विश्वास लिदै पुनः सबैमा गणतन्त्र दिवसको शुभकामना ब्यक्त गर्दछु ।

**२०८२ साल जेठ १५ गते, बिहिबार**
**ने. सं. ११४५ तछलाथ्व: तृतीया**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**